# वार्षिक प्रगति प्रतिवेदन

२०७८/०७९

## मङ्गल बहुमुखी क्याम्पस

नयाँबजार, कीर्तिपुर-१०

स्थापना: २०६४/११/२८

आ.व. २०७९/०८०

# वार्षिक प्रगति प्रतिवेदन

## २०७८/०७९

## मङ्गल बहुमुखी क्याम्पस

नयाँबजार, कीर्तिपुर-१०

स्थापनाः २०६४/११/२८

## आ.व. २०७९/०८०

# प्रतिवेदन तयार गर्ने टिम
# (Report Preparation Team)

श्री प्रदिप महर्जन
श्री रकि महर्जन
श्री रिकी माली

## क्याम्पस व्यवस्थापन समितिले अनुमोदन गरेको मिति
## (Date of Report Endorsement by Management Committee)

२०७९/०८/२१

# सारांश (Executive Summary)

कीर्तिपुरका बुद्धिजीवी, समाजसेवी, शिक्षाविद्, स्थानीय गन्यमान्य व्यक्तित्व एवम् राजनीतिक नेतृत्वका व्यक्तिहरूको सामुहिक पहलमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी वि. सं. २०६४ सालमा सामुदयिक रुपमा मंगल बहुमुखी क्याम्पस मंगल मा. वि. कै स्तरोन्नतीको रुपमा स्थापना गरिएको थियो । यस क्याम्पसले स्थापनाकालदेखि नै न्यून शूल्कमा स्थनीय तथा अन्य जिल्लाबाट आउने विद्यार्थीहरूलाई सहुलियत दरमा अध्यापन गराउँदै आएको छ । यस क्याम्पसमा चार वर्षे शिक्षा शास्त्र संकाय तथा व्यवस्थापन संकाय अन्तर्गत चार वर्षे वि. वि. एस. विषयका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । अहिले यस क्याम्पसले २१२ जना आजीवन सदस्यहरू सहित क्याम्पसमा समूदायको सम्लग्नता बृद्धि गर्न प्रयासहरू गर्दै आएको छ । क्याम्पसको विविध कार्यक्रमहरूको पारदर्शितामा सुधारल्याउन QAA मा जाने प्रकृया सुरु गरिसकिएको छ ।

यस क्यामपसमा विद्यार्थी भर्ना दरमा प्रत्येक वर्ष क्रमिक रुपमा सुधार हुँदै आएको छ । जस अनुसार शिक्षा शास्त्रमा गत वर्षको तुलनामा ७९ जनाको बुद्धि भएर २३४ जना भर्ना भएका छन् । त्यस्तै वि. वि. एस. तर्फ पनि गत वर्षको तुलनामा ७ जना बढेर १५५ पुगेको छ ।

जुन प्रकारले विद्यार्थी संख्यामा बृद्धि भइरहेको छ सो मुताविक विद्यार्थीहरूलाई कक्षामा उपस्थित गराउन नक्नाले वार्षिक परीक्षामा भने अपेक्षित नतिजा प्राप्त गर्न सकिहेको छैन ।

भौतिक पूर्वाधार विकास गर्न आ. व. २०६९/०७० र आ. व. २०७०/०७१ मा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु. ३७, ५०,०००।- अक्षरेपी सैतीस लाख पचास अजार रुपैयाँबाट तात्कालिन विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा. डा. गणेशमान गुरुङबाट सिलान्यास गरि भवन निर्माण सुरु गरिएकोमा हाल बागमती प्रदेश समाजिक विकास मन्त्रालयबाट समेत आ. व. २०७६/०७७ र आ. व. २०७८/०७९ मा अनुदान प्राप्त गरी चार तलाको भवन तयार गरी पहिलो तलामा कक्षा सञ्चालन समेत गरिसकिएको छ । त्यस भवनका कक्षा कोठाहरूमा आवश्यक डेस्क बेन्च खरिद गर्न विश्वविद्यालय अनुदान आयोगबाट नै प्राप्त अनुदानबाट व्यवस्था गर्न सफलता प्राप्त गरिएको छ । त्यस्तै सो आयोगबाट उपकरण खरिद एवं आ. व. २०७७/०७८ र आ. व. २०७८/०७९मा प्राप्त अनुदानबाट मंगल बहुमुखी क्याम्पस लगायत सहिद स्मारक कलेज, जनाधार क्याम्पसका शिक्षकहरूको अनुसन्धानमा रुची बढाउन र दक्ष बनाउन आवश्यक तालिम Capacity Building र A scientific Analysis of Qualitative and Quantitative Data विषयमा

तालिम सञ्चालन गरिएको थियो । यसैले गर्दा यस क्याम्पसले गत दुई वर्षदेखि Mangal Research Journal (Peer Reviewed) प्रकाशित गर्न सफल भएको छ ।

यस क्याम्पसको मूल आथिक श्रोतको रुपमा विद्यार्थी नै भएकोले विद्यार्थीहरूबाट भर्नामा रु ६,००० अक्षरेपी छ हजार रुपैयाँ र मासिक रु. १००० अक्षरेपी एक हजार रुपैयाँ लिंदै आइएको छ । सो शुल्क रकम र विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानलाई यस क्याम्पसले पुँजीगत तर्फ खर्च गर्ने गरेको छ । त्यस्तै अन्य पूर्वाधार तथा भौतिक सामाग्रीहरूको लागि विभन्न संघ संस्थाहरूबाट र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदानलाई Capital Expencesको रुपमा लिने गरको छ । त्यसबाहेक क्याम्पसको आफ्नै आन्तरिक श्रोतलाई पनि परिचालन गर्ने गरेका छ ।

यस क्याम्पसले आर्थिक संकलन गर्न स्थानीय वुद्धिजीवी समाजसेवीहरूलाई आजीवन सदस्य बनाएर संकलित रकम रु १२,००,०००।- अक्षरेपी बाह्र लाख रुपैयाँ अक्षय कोषको रुपमा राखिएको छ । यसले गर्दा क्याम्पसमा समूदायको सम्लग्ना पनि बढेको छ ।

यस क्याम्पसलाई QAA मा लग्ने कार्य थालनी भए देखि यसका SWOT बिश्लेषण गरेर व्यवस्थापन समिति, शिक्षक एवंम् विद्यार्थीहरूसँग पनि नियमित बैठक बसेर आएका समस्याहरू समाधान गर्ने गरिएको छ । साथै प्रत्येक वर्ष क्याम्पसको छुट्टै वार्षिक कार्य योजना तयार गरेर कार्यक्रमहरू गर्दै आएको छ । र क्याम्पसको लेखा परीक्षण गर्दा लेखा परीक्षकहरूले औंल्याएका मुद्दाहरूका बारेमा व्यावस्थापन समितिमा छलफल गरी समाधान एवम् सुधारका प्रयासहरू गर्दै आइएको छ ।

आ. व. २०७९/०८० मा यस क्याम्पसले झण्डै ६०% शिक्षकहरूलाई पूर्णकालिन शिक्षक पदमा नियुक्त गरेर शैक्षिक सुधार गर्ने योजना बनाएर अधि बढेको छ ।

प्रतिबेदन तयार गर्ने टिम

मंगल बहुमुखी क्याम्पस

कीर्तिपुर

## विषयसूची


१. पृष्ठभूमि (Background) १

२. शैक्षिक प्रगति (Academic Progress) १

२.१ पछिल्ला तीन वर्षको भर्ना प्रकृति विश्लेषण (Enrolment Trend of Last Three Years) १

२.२ पछिल्ला तीन वर्षको उत्तीर्ण प्रकृति विश्लेषण (Pass Rate Trend of Last Three Years) २

२.३ पछिल्ला तीन वर्षको ग्राजुयट ट्रेण्ड विश्लेषण (Graduate Trend Analysis of the Last three years) ३

३. शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धती (Programs and Educational Pedagogy) ३

४. भौतिक प्रगति (Physical Development) ३

५. आर्थिक प्रगति (Financial Progress) ४

५.१ पछिल्लो तीन वर्षको आय व्यय विश्लेषण (Analysis of Financial Resource /Income of the Last Three Years) ५

५.२ क्याम्पस स्वयंले गरेको अर्थिक संकलन (Self Generated Resources) ५

५.३ विद्यार्थीहरूको शुल्क(Student's Fees) ५

५.४ सरकारको तर्फबाट सहयोग (Grant from Government Sources) ५

५.५ पछिल्लो तीन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the Last Three Years) ६

५.६ भौतिक निर्माणमा खर्च विश्लेषण (Capital Expenditures) ६

५.७ Audit Observation/Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in Last Fiscal year ७

६. सामाजिक प्रगति (Social Progress) ७

६.१ सामाजिक कार्यकलापमा क्याम्पसको संलग्नता(Campus's Involvement In Social Activities) ७

६.२ क्याम्पसको लागि समुदायको योगदान(Society's Contribution for Campus) ७

६.३ समुदायको लागि क्याम्पसले योगदान गर्ने योजना (Plan for Campus's Contribution to Society) ८

६.४ क्याम्पसमा समुदायको सम्लग्नता बढाउने योजना (Plan for Increased Involvement of Society in Campus) ८

७ सबल पक्ष तथा दुर्बल पक्षहरू ८

७.१ सबल पक्ष (Strong Aspects) ८

७.२ दुर्वल पक्ष (Weak Aspects) ९

८. चुनौतीहरू (Threats) ९

८.१ अल्पकालिन समस्या तथा चूनौतीहरू (Short Term Problems and Threats) ९

८.२ दिर्घकालिन समस्या तथा चूनौतीहरू (Long Term Problems and Threats) १०

८.३ समस्या र चूनौतीहरूको समाधानका लागि गरिएका कार्यहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges) १०

९. अवसरहरू (Opportunities) १०

१०. रणनीतिक योजना (Plan for Adressing the Issues and Challenges) ११

११. बार्षिक कार्य योजना तथा वार्षिक बजेट (Annual Work Plan and Budget of Current Fiscal Year) १२

११.१ आ. व. २०७८/०७९ को वार्षिक कार्य योजना १२

१२. Projected Annual Work Plan and Budget of the Three Fiscal Year Following the Current Fiscal Year १४

१२.१ आ. व. २०७७/०७८ को अनुमानित बजेट १४

१२.२ आ. व. २०७८/०७९ को अनुमानीत बजेट १५

१२.३ आ. व. २०७८/०७९ को अनुमानीत वजेट १६

## मंगल बहुमुखी क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन २०७८/०७९

## १. पृष्ठभूमि (Background)

ऐतिहासिक नगरी कीर्तिपुरका समाजसेवी, बुद्धिजीवी तथा शिक्षाविद्हरू, अभिभावक तथा शिक्षा प्रेमी महानुभावहरूको सक्रियतामा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन लिई वि. सं. २०६४ सालमा शिक्षा शास्त्र संकाय तर्फ स्नातक तह वि. एड. तथा २०६५ सालमा व्यवस्थापन संकाय तर्फ वि. वि. एस. का कक्षाहरू सञ्चालन गरिएको थियो। काठमाडौको दक्षिण भेग लगायत देश भरका गरिब तथा जेहेन्दार विद्यार्थीहरूले शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित हुन नपरोस् भन्ने आकांक्षाका साथ यस बहुमुखी क्याम्पसमा न्यूनतम शुल्कमा स्तरीय पठनपाठनगराउँदै जाने लक्ष्य लिइएकोछ। युग सुहाउँदो शैक्षिक चुनौतीको सामना गर्नका लागि सक्षम जनशक्ति तयार गर्न अघि बढिरहेको यस क्याम्पसले शैक्षिक प्रशासनिक तथा आर्थिक कृयाकलापहरूलाई व्यवस्थित तथा पारदर्शी ढंगबाट अगाडि बढाउने लक्ष्य लिएको छ। यस क्याम्पसमा स्थापना कालदेखि नै काठमाडौं उपत्यका लगायत करिव ६० भन्दा बढी जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन्। यस क्याम्पसको विधानलाई दोश्रो संशोधन गरी पूर्ण सामूदायिक क्याम्पस बनाउने लक्ष्यका साथ समुदायका सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता हुने गरी समुदायका मानिसहरूमा अपनत्व र स्थायित्व ग्रहण गर्ने समूह निर्माणको लागि आजीवन साधारण सभा सदस्य बनाउने लक्ष्य लिएर कार्यक्रम थालेको छ। हाल यस क्यामपसमा प्राध्यापक, समाजसेवी, व्यापारी, उद्योगपति, व्यवसायी गरी २१२ जना आजीवन सदस्य रहेको छ। यस क्याम्पसलाई शैक्षिक गन्तव्य बनाउन र गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन यस वर्ष Quality Accreditation Assurance (QAA ) प्राप्त गर्ने उद्देश्यका साथ योजना बनाइएको छ। त्यसको लागि यस मंगल क्याम्पसले पेश गरेको आशय पत्र पनि स्विकृत भइ सकेको अवस्था छ।

## २. शैक्षिक प्रगति (Academic Progress)

यस मंगल बहुमुखी क्याम्पसले स्थापना कालदेखि नै यहाँ अध्ययनरत छात्र छात्राहरूको गुणस्तरीय शिक्षाको लागि व्यवस्थापन समिति निरन्तर लागिरहेको छ र प्राध्यापकहरू पनि लागि पर्नुभएको छ। यसैको फलस्वरूप विगतको समयमा भन्दा विद्यार्थी संख्यामा क्रमिकरूपमा सुधार एवं बृद्धि भइरहेको देखिएको छ।

यस क्याम्पसमा अध्ययनका लागि गत तीन वर्षमा भर्ना भएका विद्यार्थीहरूको संख्या विवरण

### २.१ पछिल्ला तीन वर्षको भर्ना प्रकृति विश्लेषण (Enrolment Trend of Last Three Years)

- **चार वर्षे वि.एड. कार्यक्रम तर्फ**

**तालिका नं. १. वि. एड. तर्फ तीन वर्षको विद्यार्थी विवरण**

| क्र. सं. | शैक्षिक सत्र | चर वर्षे वि.एड. | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र. वर्ष | | | दो. वर्ष | | | ते. वर्ष | | | चौ. वर्ष | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | २०७६/०७७ | १२ | ४८ | ६० | ७ | २४ | ३१ | १० | २९ | २९ | ४ | १५ | १९ | १३९ |
| २. | २०७७/०७८ | २६ | ४३ | ६९ | २३ | ४३ | ६६ | ७ | ४२ | ४९ | ७ | १९ | २६ | २१० |
| ३. | २०७८/०७९ | ३० | ४५ | ७५ | २० | ३९ | ५९ | १७ | ३९ | ५६ | ७ | ३७ | ४४ | २३४ |

- **चार वर्षे वि.वि.एस. कार्यक्रम तर्फ**

**तालिका नं. २. वि. वि. एस. तर्फ तीन वर्षको विद्यार्थी विवरण**

| क्र. सं. | आर्थिक वर्ष | चार वर्षे वि.वि.एस. | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र. वर्ष | | | दो. वर्ष | | | ते. वर्ष | | | चौ. वर्ष | | | कूल जम्मा |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | २०७६/०७७ | २६ | २७ | ५० | १३ | १३ | २६ | १८ | २६ | ४४ | १० | १५ | २५ | १४५ |
| २. | २०७७/०७८ | ३२ | २५ | ५७ | २८ | ३७ | ६५ | १९ | २२ | ४१ | ८ | १९ | २७ | १९० |
| ३. | २०७८/०७९ | ३५ | ३० | ६५ | २८ | २५ | ५३ | २८ | ३७ | ६५ | १९ | २२ | ४१ | २२४ |

**तालिका नं. ३. वि. एड तथा वि. वि. एस. तर्फ तीन वर्षको कूल विद्यार्थी विवरण**

| क्र.सं. | आ.व. | वि.एड. | वि.वि.एस. | कूल जम्मा |
|---|---|---|---|---|
| १. | २०७६/०७७ | १३९ | १४५ | २८४ |
| २. | २०७७/०७८ | २१० | १९० | ४०० |
| ३. | २०७८/०७९ | २३४ | २२४ | ४५८ |

माथिको तालिका हेर्दा यस क्याम्पसमा विद्यार्थीहरूको भर्ना दर निरनतर रुपमा बढी राखेको देखिन्छ। तालिका १ मा हेर्दा आ. व. २०७६/०७७ मा शिक्षा शास्त्र संकाय तर्फ प्रथम, दोश्रो, तेश्रो र चौथो वर्षमा कूल संख्या १३९ भएकोमा २०७७/०७८ मा सो संख्यामा सामान्य बढेर २१० पुगेको थियो भने २०७८/०७९ मा २३४ पुगेको छ। त्यस्तै तालिका नं. २ मा हेर्दा व्यवस्थापन संकाय तर्फ पनि सामन्य रुपमा बृद्धि भएको देखिन्छ। कूल संख्यामा भन्ने हो भने तालिका नं. ३ अनुसार आ. व. २०७६/०७७ मा २८४ भर्ना भएका थिए भने २०७७/०७८ मा ४०० र २०७८/०७९ मा ४५८ जना भर्ना भएका छन् जुन कुरालाई सकारात्मक रुपमा लिन सकिन्छ।

## २.२ पछिल्ला तीन वर्षको उत्तीर्ण प्रकृति विश्लेषण (Pass Rate Trend of Last Three Years)

**तालिका नं. ४. वि. एड तथा वि. वि. एस. तर्फ नियमित/आंशिक वार्षिक परीक्षामा उत्तिण विद्यार्थी विवरण**

| क्र. सं. | शैक्षिक सत्र | वि.एड. | | | | वि. वि. एस. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | दो. वर्ष | ते. वर्ष | चौ. वर्ष | प्रथम वर्ष | दो. वर्ष | ते. वर्ष | चौ. वर्ष |
| १. | २०७६/०७७ | १७ | ४ | ९ | ६ | ६ | ५ | ८ | ८ |
| २. | २०७७/०७८ | ८ | १४ | १९ | १७ | १५ | १० | ३४ | ३५ |
| ३. | २०७८/०७९ | - | - | - | ८ | - | - | - | - |

तालिका नं. ४ अनुसार २०७६/०७६ वि. एड. प्रथम वर्षमा १७ २०७७/०७८ मा ८ भएको देखिन्छ। दोश्रो वर्षमा क्रमशः ४ र १४ भएको देखिन्छ। तेश्रो वर्षमा ९ र १९ तथा चौथो वर्षमा ६ र १७ भएको देखिन्छ। यस आधारमा शिक्षाशास्त्र संकाय तर्फ शैक्षिक प्रगति सन्तोष जनक मान्न सकिन्छ तर पनि सुधार गर्नु पर्ने कुराहरू धेरै देखिन्छ। त्यस्तै व्यवस्थापन संकाय तर्फ २०७६/०७७ मा प्रथम वर्षमा ६, २०७७/०७८ मा १५ दोश्रो वर्षमा ५ र १० तेश्रो वर्षमा ८ र ३४ तथा चौथो वर्षमा ८ र ३५ विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ। विविएस तर्फ तेश्रो र चौथो वर्षमा नतिजा राम्रो देखिए पनि प्रथम र दोश्रो वर्षमा भने विद्यार्थीहरूलाई थप अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्ने देखिन्छ।

### २.३ पछिल्ला तीन वर्षको ग्राजुयट ट्रेण्ड विश्लेषण (Graduate Trend Analysis of the Last three years)

**तालिका नं. ४. वि. एड तथा वि. वि. एस. ग्राजुयट हुने विद्यार्थीहरूको विवरण**

| क्र.सं. | आ.व. | वि.एड. | वि.वि.एस. |
|---|---|---|---|
| १. | २०७६/०७७ | ११ | २१ |
| २. | २०७७/०७८ | १४ | १८ |
| ३. | २०७८/०७९ | ८ | २० |

## ३. शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धती (Programs and Educational Pedagogy)

यस मंगल बहुमुखी क्याम्पस स्थापना समयदेखि नै स्नातक तहका दुई वटा कार्यक्रमहरू चार बर्षे वि.एड. तथा वि.वि.एस.सञ्चालन हुँदै आएको छ। त्यस मध्ये वि.एड. तर्फ अंग्रेजी, नेपाली, गणित र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरू अध्यापन गर्दै आएको छ भने वि. वि. एस. तर्फ भने अर्थशास्त्र, लेखा, बाणिज्य तथ्याङ्क शास्त्र, बजार व्यवस्थापन जस्ता विषयहरू अध्यापन गर्दै आएको छ। यी विषयवस्तुहरूको मल्टिमेडिया तथा प्रजेक्टरविधि, प्रवचन विधि, प्रश्नोत्तर विधि, समूह छलफल, फिल्ड ट्रिप तथा शैक्षिक भ्रमण जस्ता विधिहरू अपनाएर अध्यापन गर्दै आएको छ।

## ४. भौतिक प्रगति (Physical Development)

यो क्याम्पस कीर्तिपुर नगरपालिका वडा नं. १० मा रहेको छ। यस क्याम्पसको व्यवस्थापन समितिले क्याम्पसको भवन बनाउने रणनीति लिएअनुसार मंगल माध्यमिक विद्यालयले आफ्नो सिमाना भन्दा बाहिर रहेको जग्गा भोग चलन गर्न प्रदान गरेको हुँदा सोही जग्गामा विश्व विद्यालय अनुदान आयोगको नगद रू. ३७,५०,०००/- ( अक्षेरपी सैंतीस लाख पचास हजार रूपैयाँ) अनुदान सहयोग बापत प्राप्त र आन्तरिक स्रोतबाट क्याम्पसको तीन कोठे भवन बनाउने काम सुरू गरी भुईं तलामा ३ कोठे भवन बनाउने काम सम्पन्न भै सकेको छ।

क्याम्पसको गुरु योजनाअनुसार कक्षा सञ्चालनको लागि विद्यमान भवनमा तला थप गरी कोठा निर्माण गर्न बागमती प्रदेशमा योजना पेश भएअनुसार गत आ. व. २०७६/०७७ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट अनुदान प्राप्त भएको रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ) र आन्तरिक श्रोत गरी कूल रु. ३४,३४,४८८/- (अक्षरेपी चौतीस लाख चौतीस हजार चार सय अठासी रुपैयाँको लागतमा दुई तला स्ट्रक्चर ढलान गर्ने कार्य सम्पन्न भएको छ। आ. व. २०७६/०७७मा बागमती प्रदेश सरकारको सहयोगमा निर्मित दुई तल्ला स्ट्रक्चरमागारो लगाई झ्याल ढोका र प्लाष्टर गरी कक्षा सञ्चालनको लागि योग्य बनाउन यस आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश बाट भवन निर्माणको लागि सशर्त अनुदान पुँजीगत तर्फ कीर्तिपुर नगरपालिका मार्फत रु. ३२,७२,०००/- (अक्षरेपी बत्तीस लाख बहत्तर हजार रुपैयाँ) मात्र अनुदान सहयोग प्राप्त भएकोबाट तेश्रो तला स्ट्रक्चर ढलान र पहिलो तला फिनिसिङ सम्पन्न गरी कक्षा सञ्चालन गरिएको छ।

यो क्याम्पस मंगल मा. वि. को सकृयतामा उन्नयन गर्दै स्थापना भएको हुँदा कक्षा सञ्चालनको लागि आवश्यक फर्निचरहरू विद्यालयकै प्रयोग गर्दै आएकोमा त्यस आयोगको सहयोगमा ७५ वटा डेस्क बेन्चहरूको व्यवस्था गर्नुका साथै पुस्तकालयको व्यवस्थापनको लागि आवश्यक ऱ्याक ६ थान मेच कम्प्यूटर ल्याव प्रयोजनको लागि १५ थान डेक्स्टप कम्प्यूटर ४ थान, प्रिन्टर र प्रोजेक्टर १ थानको व्यवस्थापन गरेको छ। साथै विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानअन्तर्गत प्राप्त हुने रकमबाट क्याम्पसलाई आवश्यक सामाग्रीहरूको समेत व्यवस्था गर्दै आएको छ। गत आ. व. २०७७/०७८मा विश्वविद्यालय अनुदान आयोगको स्विकृत कार्यक्रम अन्तर्गत प्राप्त रकम रु १,५०,०००/- अक्षेरपी रू एकलाख पचास

हजार रुपैयाँबाट यस कीर्तिपुर नगरभित्रका तीनवटा सामुदायिक क्याम्पसहरू मंगल बहुमुखी क्याम्पस, शहिद स्मारक कलेज र जनाधार क्याम्पसका गरी कूल २१ प्राध्यापकहरूको अनुसन्धानात्मक क्षमता अभिबद्धि गर्ने हेतुले Capacity Building विषयमा ५ दिने तालिम सञ्चालन गरिएको थियो । त्यस्तै आ. व. २०७७/०७८ मा पनि त्यस आयोगको रु. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार रुपैयाँ) अनुदानमा ५५ थान फाइबरको डेस्क बेन्च बनाउनुका साथै रु. १,७५,०००/- (अक्षरेपी एक लाख पचहत्तर हजार रुपैयाँ) मा शिक्षकहरूलाई A Scientific analysis of Qualitative and Quantitative Data विषयमा ५ दिने तालिम सञ्चालन गरेको थियो ।

- चार तलाको भवन १, जसमा पहिलो तलामा कक्षासञ्चालन भएको छ भने भुईं तलामा सटर रहेको छ ।
- यस क्याम्पसमा उपकरण तर्फ १ थान प्रोजेक्टर, १थान ल्यापटप, १ थान फोटेकपी मेशिन, ४ थान प्रिन्टर, डेक्स्टप कम्प्युटर १५ थान रहेका छन् ।
- टेक्स्ट बुक / जर्नल २५०० थान / मंगल जर्न दुई वर्ष प्रकाशित भएको तेश्रो अंक प्रकाशनको क्रममा रहेको
- डेस्क बेन्च १३० थान

## ५. आर्थिक प्रगति (Financial Progress)

यो क्याम्पस मंगल माध्यमिक विद्यालयको स्तरण कै क्रममा स्थापना भएको हुँदा सुरूका दिनहरूमा आवश्यक आर्थिक व्ययभार विद्यालयले नै लिएको थियो भने त्रि. वि.मा धरौटी राख्न रू. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार रूपैयाँ) यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, शिक्षाविद् अभिभावक तथा शिक्षा प्रेमी महानुभावहरूबाट निर्व्याजी ऋण लिएको थियो भने हाल उक्त रकम विद्यलय श्रोतबाट चुक्ता पनि गरि सकिएको छ । त्यस्तै क्याम्पसको आजीवन साधारण सदस्यहरूको सदस्यता शुल्कबाट उठेको रकम रु.१२,००,०००।- अक्षय कोषको रुपमा मूद्दती खातामा राखिएको छ ।

यो क्याम्पसको चल पुँजीको हकमा मूल श्रोत विद्यार्थीहरूको भर्ना तथा माशिक शुल्क नै रहेको छ । सो बाहेक विश्वविद्यालय अनुदान आयोगबाट प्रदान गरिने नियमित तथा अन्य अनुदान रकम र विभिन्न दातृ निकायहरू र दाताहरूबाट उपलब्ध गरिने रकम चल पूँजीको रूपमा लिइएको छ । यस क्याम्पसको स्थापना गर्दा लिएको उद्देश्य अनुरूप नै यस क्याम्पसले ज्यादै न्यून मात्र भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ६,०००/- (अक्षरेपी छ हजार रूपैयाँ) तथा यो क्याम्पस सञ्चालन भैरहेको मंगल माध्यमिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ५,०००/- ( अक्षेरपी पाँच हजार रूपैयाँ मात्र) लिने गरिएको छ भने मासिक शुल्क रु. १००० कायम गरिएको छ । परीक्षा, प्रयोगात्मक कक्षाका लागि पनि ज्यादै न्यून शुल्क उठाउँदै आएको छ । यसै रकमबाट शिक्षक, कर्मचारी, मसलन्द, परीक्षा, पुस्तकालय लगायत मर्मत सम्भारका कामहरू गर्न आवश्यक खर्चको व्यवस्था गर्दै आएको छ । त्यस्तै पुस्तकालय धरौटीको रुपमा पछि फिर्ता हुनेगरी रु. १५००।०० एक हजार पाँच सय रुपैयाँ लिने गरेको छ। त्यसैले बदलिंदो परिस्थितिमा विद्यार्थीहरूलाई थप आर्थिक बोझ नपर्ने र शिक्षकहरूलाई पनि उचित पारिश्रमिकको व्यवस्था मिलाउनु एक गम्भीर चुनौतिको रूपमा आएको छ । अझ विद्यार्थीहरूलाई अध्ययनमा तल्लिन भई अध्ययनशील एवं लगनशील बनाउन विभिन्न समाजसेवीहरूद्वारा नगद पुरस्कार एवं प्रमाण पत्रको समेत व्यवस्था गरिनुका साथै एक वर्षको लागि आवश्यक पुस्तकहरू पुस्तकायबाट प्रदान गर्ने ब्यवस्था समेत मिलाएको छ ।

गत वर्ष पुष माघ महिनादेखि विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ का कारण नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि रोग नियन्त्रणको लागि गरिएकोपहिलो लकडाउन, २०७७

बैशाख १६ देखि गरिएको दोश्रो लकडाउन र २०७८ माघ महिना देखि गरिएको शैक्षिक संस्था बन्दका कारणक्याम्पस थप जटिल आर्थिक समस्यामा परेको थियो। विद्यार्थीहरूको माशिक शुल्क नै मूल आर्थिकश्रोतको रुपमा रहेको यो क्याम्पस, लकडाउनका कारण बन्द भई विद्यार्थीहरूबाट शुल्क संकलन नभएपछि शिक्षक र कर्मचारीहरूलाई पारिश्रमिक उपलब्ध गराउन समेत नसकिएको अवस्था सिर्जना भएको थियो। अहिले निरन्तर कक्षा सञ्चालनबाट केही सहज हुँदै आएको छ।

**तालिका नं. ५. तीन वर्षको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानको विवरण**

| क्र. सं. | आर्थिक वर्ष | नियमित अनुदान रू. | अन्य अनुदान रू. |
|---|---|---|---|
| १. | २०७६/०७७ | ६,९३,९००।०० | - |
| २. | २०७७/०७८ | ७,६३,९००।०० | १,५०,०००।०० |
| ३. | २०७८/०७९ | १२,०५,०००।०० | ८,२५,०००।०० |

## ५.१ पछिल्लो तीन वर्षको आय व्यय विश्लेषण (Analysis of Financial Resource /Income of the Last Three Years)

**तालिका नं. ६. तीन वर्षको कूल आम्दानी खर्च विवरण**

| क्र. सं. | आर्थिक वर्ष | कूल आम्दानी रू. | कूल खर्च रू. | बचत रू. |
|---|---|---|---|---|
| १. | २०७६/०७७ | ४१,८१,०६९।८१ | ३४,५९,१४७।६९ | ७,२१,९२२।१२ |
| २. | २०७७/०७८ | २८,४१,५४०।२० | ३३११९५९।०७ | (४,६९,६१८।८७) |
| ३. | २०७८/०७९ | ५२,०२,३९६।०० | ४६,६४,२२४।०० | ५,३८,१७२।०० |

## ५.२ क्याम्पस स्वयंले गरेको अर्थिक संकलन (Self Generated Resources)

यस क्याम्पसले समुदायको सहभागिताको लागि आजिवन सदस्य बनाएर आर्थिक श्रोत संकलन गरेको थियो। जस अनतर्गत रु. १२,००,०००।०० संकलन भएको थियो। जुन अहिले पनि अक्षय कोषको रुपम जम्मा गरिएको छ।

## ५.३ विद्यार्थीहरूको शुल्क (Student's Fees)

विद्यार्थीहरूको शुल्क निम्नअनुसार रहेको छ।
भर्ना शुल्क : रु. ६००० मासिक शुल्क रु. १०००
आन्तरिक परीक्षा शुल्क रु. ५००
पुस्तकालय धरौटी रु. ५००

## ५.४ सरकारको तर्फबाट सहयोग (Grant from Government Sources)

यस क्याम्पसको भौतिक सवलीकरण अन्तर्गत क्याम्पस भवन निर्माणको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट निम्नअनुसारको अनुदान सहयोग प्राप्त भएको छ।

- आ. व. २०७६/०७७ मा रु. ३०,००,०००।००
- आ. व. २०७८/०७९ मा रु. ५०,००,०००।००

## ५.५ पछिल्लो तीन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the Last Three Years)

यस क्याम्पसको पछिल्लो तीन वर्षको खर्च विवरणको विश्लषण निम्नअनुसार रहेको छ ।

**तलिका नं. ७**

| क्र. सं. | आर्थिक वर्ष | तलब रू. | अन्य खर्च रू. |
|---|---|---|---|
| १. | २०७६/०७७ | २६,९७,१०८ | १,४१,७१५।०० |
| २. | २०७७/०७८ | २४,०६,२७५।०० | १,९७,६७६।०० |
| ३. | २०७८/०७९ | ३३,६१,३५५।०० | २,९४,३८८।०० |

तालिका नं. ७ अनुसार खर्च विश्लेषण गर्दा आ. व. २०७६/०७७ मा यस क्याम्पसमा साधारण खर्च रु. १,४१,७१५।०० अक्षरेपी एकलाख एकचालिसहजार सात सय पन्ध्र रुपैयाँ र तलब भत्ता तर्फ रु. २६,९७,१०८।०० अक्षरेपी छबीस लाख सन्तानब्बे हजार एक सय आठ रुपैयाँ खर्च भएको देखिन्छ । जुन खर्च हेर्दा साधारण तर्फ भन्दा तलब भत्तामा बढी खर्च भएको देखिन्छ । त्यस्तै आ. व. २०७७/०७८ मा यस क्याम्पसमा साधारण खर्च रु. १,९७,६७६।०० अक्षरेपी एकलाख सन्तानब्बे हजार छ सय छयत्तर रुपैयाँ र तलब भत्ता तर्फ रु. २४,०६,२७५।०० अक्षरेपी चौबीस लाख छ हजार दुई सय पचहत्तर रुपैयाँ खर्च भएको देखिन्छ । आ. व. २०७८/०७९ मा यस क्याम्पसमा साधारण खर्च रु. २,९४,३८८।०० अक्षरेपी दुई लाख चौरानब्बे हजार तीन सय अठासी रुपैयाँ र तलब भत्ता तर्फ रु. ३३,६१,३५५।०० अक्षरेपी तेतीस लाख एकसाठ्ठी हजार तीन सय पचपन्न रुपैयाँ खर्च भएको देखिन्छ ।

यस क्याम्पसको विस्तृत विवरण र आ. व. २०७८/०७९ को लेखा परीक्षण प्रतिबेदन अनुसार अनुसुची १ मा उल्लेख गरिएकोछ ।

## ५.६ भौतिक निर्माणमा खर्च विश्लेषण (Capital Expenditures)

यस क्याम्पसले भौतिक पूर्वाधार तयार गर्ने योजनाअनुसार अहिलेसम्म त्यस विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०६९/०७० र २०७०/०७१ मा गरी जम्मा रू. ३७,५०,०००/- (अक्षरेपी सैंतीस लाख पचास हजार रूपैयाँ) अनुदान सहयोग प्राप्त रकम र आन्तरिक स्रोतबाट क्याम्पसको तीन कोठे भवन बनाउने काम सुरू गरी भुईं तलामा ३ कोठे भवन बनाउने काम सम्पन्न गरेको थियो ।

क्याम्पसको गुरु योजना अनुसार कक्षा सञ्चालनको लागि विद्यमान भवनमा तला थप गरी कोठ निर्माण गर्न बागमती प्रदेशमा योजना पेश भए अनुसार गत आ. व. २०७६/०७७ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट अनुदान प्राप्त भएको रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ) र आन्तरिक श्रोत गरी कूल रु. ३४,३४,४८८/- (अक्षरेपी चौंतीस लाख चौंतीस हजार चार सय अठासी रुपैयाँको लागतमा दुई तला स्ट्रक्चर ढलान गर्ने कार्य सम्पन्न भएको छ । अघिल्लो वर्ष निर्मित दुई तल्लामा गारो लगाई झ्याल ढोका र प्लाष्टर गरी कक्षा सञ्चालनको लागि योग्य बनाउन यस आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश बाट भवन निर्माणको लागि सशर्त अनुदान पुँजीगत तर्फ रु. ५०,००,०००।०० अक्षरेपी पचास लाख रुपैयाँ मध्ये कीर्तिपुर नगरपालिकाबाट विद्युतीय बोलपत्र गर्दा त्यस कार्यालयबाट रु. ३२,७२,०००/- (अक्षरेपी बत्तीस लाख बहत्तर हजार रुपैयाँ) मात्र अनुदान सहयोग प्राप्त भएकोबाट तेश्रो तला स्ट्रक्चर ढलान र पहिलो तला फिनिसिङ सम्पन्न गरी कक्षा सञ्चालन गरिएको छ । त्यस्तै विश्वविद्यालय अनुदान आयोगबाट फर्निचर खरिदको लागि प्राप्त अनुदानबाट १२५ थान डेस्क बेन्चको व्यवस्था गर्नुका साथै कम्प्यूटर, फोटोकपी मेसिन र प्रजेक्टरको व्यवस्था पनि गरेको छ । साथै प्रत्येक वर्ष आन्तरिक श्रोतबाट पुस्तकालयको लागि आवश्यक पुस्तकहरू पनि खरिद गरि व्यवस्था गरेको छ ।

## ५.७ Audit Observation/Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in Last Fiscal year

यस क्याम्पसले गत आ. व. २०७७/०७८ मा लेखा परीक्षकले प्रस्तुत गर्नु भएको प्रतिवेदनमा औंल्याएका कमी कमजोरीहरू तथा लेखा परीक्षकले उठाएका मुद्दाहरूका समाधान एवं सुधार गर्न क्याम्पस व्यवस्थापन समितिमा आवश्यक छलफल गरी कार्यान्वयन गर्न थालनी गरिएको छ ।

## ६. सामाजिक प्रगति (Social Progress)

कीर्तिपुर एक ऐतिहासिक एवं सांस्कृतिक नगर हो । यो क्याम्पस यहाँका स्थानीय समाज सेवी, शिक्षा प्रेमी बुद्धिजीवीहरूको सकृयतामा स्थापना भएकोले उहाँहरूको निरन्तर रुपमा नैतिक एवं भौतिक सहयोग प्राप्त भइरहेको छ । यस क्याम्पसलाई सुदृढ, सबल एवं सक्षम बनाउदै लैजान व्यवस्थापन समितिले लिएका नयाँ कार्य योजनाअनुसार प्रत्यक्ष रूपमा स्थानीय जन सहभागीता बृद्धि गर्न क्याम्पसको आजीवन साधारण सभा सदस्य बनाएको छ । यस कार्यक्रम अन्तर्गत २१२ जना महानुभावहरूले आजीवन साधारण सदस्यता लिनु भएको छ । यसले गर्दा यस क्याम्पसको सामाजिक जग अझ सवल र सक्षम भएको पाइएको छ । यसैको फलस्वरूप क्याम्पसको सामाजिक एवं भौतिक पक्षमा सुधार हुँदै आएको देखिन्छ । आउँदा दिनहरूमा यसमा थप गर्दै ५०० जना सम्म सदस्य बनाउने लक्ष्य रहेको छ । यसले गर्दा क्याम्पस र समुदायको सम्बन्ध थप मजवुत हुनुका साथै समुदायको क्याम्पसप्रतिको उत्तरदायित्व बढ्ने देखिन्छ । क्याम्पसले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा समुदायसँग साझेदारी कार्यक्रमहरू अगाडि ल्याएको छ । त्यस्तै समुदायमा गएर सरसफाई कार्यक्रमहरू गर्ने, समुदायका बालबालिकाहरूका लागि खेलकूद गतिविधि सञ्चालन गर्ने गर्दै आउनुका साथै समय समयमा रक्तदान कार्यक्रम गर्दै आएको छ । कोरोना भाइरसको महामारीमा पनि स्थानी संघ संस्थाहरूसँग हातेमालो गर्दै जनचेतनाका कार्यक्रमहरूको आयोजना गरेको छ । यस वर्ष भएको डेंगी महामारीको समयमा कीर्तिपुर नगरपालिकासँग सहकार्य गरेर डेंगीका बारेमा विद्यालयका विद्यार्थीहरू लगायत स्थानीयहरूलाई सचेतना कार्यक्रम गरेको थियो ।

### ६.१ सामाजिक कार्यकलापमा क्याम्पसको संलग्नता (Campus's Involvement In Social Activities)

यस क्यामपसले समुदायमा क्याम्पस छ भन्ने कुरा देखाउन निम्नअनुसार कार्य गर्दै आइरहेको छ :

- समुदाय भइरहेका स्वास्थ्य एवं सामाजिक समस्याहरूका बारेमा विद्यार्थी शिक्षकहरूको समूह बनाएर अध्ययन गराउनुका साथै नगरपालिकाका पदाधिकारीहरू र समाजका अग्रजहरू सहितको संलग्नतामा प्रतिवेदन प्रस्तुत गर्ने गरेको ।
- विभिन्न चाडबाडको अवसरमा स्थानीय मठमन्दिरमा सरसफाई कार्यक्रमहरू गर्ने गरेको ।
- रक्तदान कार्यक्रमहरू आयोजन गर्ने गरेको ।

### ६.२ क्याम्पसको लागि समुदायको योगदान (Society's Contribution for Campus)

- समुदायका अग्रज समाजसेवीहरूले यस क्याम्पसका उत्कृष्ट विद्यार्थीहरूका लागि प्रमाण–पत्र र नगद पुरस्कारको व्यवस्था गर्नुभएको ।
- क्याम्पसलाई आवश्यक परेको अवस्थामा चन्दा सहयोग गर्ने गरेको ।
- समुदायका अग्रजहरू क्यामपसको आजीवन सदस्य बनेर आर्थिक एवम् शैक्षिक, पक्षमा सहयोग गर्दै आउनुभएको ।

## ६.३ समुदायको लागि क्याम्पसले योगदान गर्ने योजना (Plan for Campus's Contribution to Society)

यस क्याम्पसले समुदायलाई सहयोग एवं सहकार्य गर्न निम्नअनुसारको योजनाहरू बनाएको छ :

- एक घर एक स्नातक बनाउने लक्ष्यका साथ स्थानीय तह कीर्तिपुर नगरपालिकासँगको सहाकार्यमा यस क्याम्पसमा अध्ययन गर्न चाहने स्थानीय विद्यार्थीहरूलाई निःशुल्क छात्रबृत्ती उपलव्ध गराउने ।
- स्थानीय क्लव संघ संस्थाहरू सँग मिलेर सामाजिक विकृतिहरूका बारेमा सचेतनाका कार्यक्रमहरू आयोजना गर्ने ।

## ६.४ क्याम्पसमा समुदायको सम्लग्नता बढाउने योजना (Plan for Increased Involvement of Society in Campus)

यस क्याम्पसमा समुदायको संलग्नता बृद्धि गर्न निम्नअनुसारको योजनाहरू बनाइएको छ ।

- यस क्याम्पसको आन्तरिक तथा बाह्य कार्यक्रमहरूमा स्थानीय व्यक्तिहरूलाई आमन्त्रण गर्ने ।
- क्याम्पसको Strategic Plan अनुसार गठन हुने समितिहरूमा स्थानीयहरूलाई पनि संलग्न गर्ने ।
- क्याम्पस व्यवस्थापन समितिमा अभिभावक प्रतिनिधिलाई सकृय बनाउने ।
- २१२ जना आजीवन सदस्यहरूलाई विभिन्न क्षेत्रको जिम्मेवारी प्रदान गर्ने ।

## ७ सबल पक्ष तथा दुर्बल पक्षहरू

कुनै पनि संस्था सञ्चालनको क्रममा त्यसको कार्यक्षमता र लगनशीलताले राम्रो, नराम्रो, सबल, दुर्बल र अवसरका पक्षहरू हुने गर्दछन् । यस बहुमुखी क्याम्पस सञ्चालनको क्रममा देखिएका सबल, दुर्बल एवं चुनौती र अवसरका पक्षहरू निम्नअनुसारका छन् ।

## ७.१ सबल पक्ष (Strong Aspects)

१. त्रिभुवन विश्वविद्यालय नजिकै भएकोले शैक्षिक जनशक्ति सहजै उपलव्ध हुन सक्नु साथै पहुँचमा पनि सहजता हुनु ।
२. समुदायका २१२ जना समाजसेवी, बुद्धिजीवी, शिक्षविद्हरू, अभिभावक, शिक्षा प्रेमी, ब्यापारी तथा व्यावसायी महानुभावहरू क्याम्पसको आजीवन साधारण सभा सदस्य भई प्रत्यक्ष संलग्नता हुनु ।
३. आजीवन सदस्यता बापत उठेको शुल्कबाट अक्षय कोषको स्थापना गर्नु ।
४. क्याम्पस भवनको छ तलाको दुईवटा ब्लकको नक्सा तथा लागत इस्टिमेट तयार भएको त्यस मध्ये क्याम्पसको आफ्नै ३ कोठे भवनको निर्माण हुनु र हालसालै मात्र थप तीन तला ढलान गरी पहिलो तला सम्पन्न गरी कक्षा सञ्चालनमा ल्याउनु ।
५. बौद्धिक समुहको सक्षम एवं चुस्त व्यवस्थापन समिति तथा सल्लाहकारहरू हुनु ।
६. विद्यार्थीहरूलाई निरन्तर लगनशील भई अध्ययनशील हुन उत्प्रेरित गर्नका लागि नियमित मूल्याङ्कन गरी उत्कृष्टको लागि नगद पुरस्कारको व्यवस्था हुनु ।
७. नियमित अतिरिक्त क्रियाकलापहरू सञ्चालन र विद्यार्थीहरूको उच्चतम सहभागिता हुनु ।
८. शिक्षकहरूलाई नियुक्ति पत्र प्रदान गर्ने व्यवस्था मिलाउनु ।
९. व्यवस्थापन संकायका कक्षाहरू छुट्टै ब्लकमा सञ्चालन गर्नु ।
१०. प्राध्यापकहरूलाई मासिक रूपमा तलव उपलव्ध गराउने व्यवस्था मिलाउनु ।
११. यस क्याम्पसले योजना गरेअनुसार मंगल रिसर्च जर्नल प्रकाशन समिति तथा रिसर्च सेल गठन गरी जर्नल प्रकाशित गर्नु ।
१२. यस क्याम्पसमा काठमाडौं लगायत ६० भन्दा बढी जिल्लाबाट अध्ययनका लागि विद्यार्थीहरू आउनु ।

१३. यस क्याम्पसले LOI लिन सफल हुनु ।
१४. आंशिक रुपमा भए पनि पूर्णकालिन शिक्षकहरूको व्यवस्था हुनु ।
१५. विषयगत विषय समिति लगायत विभिन्न उप समतिहरू गठन भई कार्यान्वयनमा आउनु
१६. विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट विद्यार्थीहरूलाई आवश्यक डेश्क बेन्चको व्यवस्था हुनु ।
१७. जेहेन्दार, दुर्गम, अपाङ्ग, दलित एवं सिमान्तकृतहरूलाई छात्रृत्तिको व्यवस्था हुनु ।

## ७.२ दुर्वल पक्ष (Weak Aspects)

१. हालसम्म पनि क्याम्पसले आफ्नो भवन पूर्णरूपमा तयार गर्न नसक्दा विद्यालयको भौतिक संरचना प्रयोग गर्न बाध्य हुनु ।
२. आवश्यक मात्रामा फर्निचरहरूको अभावमा प्रशासनिक कार्यहरू गर्न कठिन हुनु ।
३. फर्निचरको अभावमा पुस्तकालयमा भएका पुस्तकहरू व्यवस्थित रूपमा राख्न नसक्नु ।
४. आर्थिक अभावका कारण क्याम्पसको नवनिर्मित भवनमा शौचालयको व्यवस्था गर्न नसक्नु
५. क्याम्पसले नयाँ शैक्षिक कार्यक्रमहरू थप गर्दै लान नसक्नु ।
६. अपेक्षाकृत शैक्षिक उपलब्धी हासिल गर्न नसक्नु ।
७. शिक्षक विद्यार्थीहरूलाई सूचना प्रविधि (IT) को सुविधाहरू उपलव्ध गराउन नसक्नु ।
८. सबै शिक्षकहरू पूर्णकालिन नहुँदा अतिरिक्त शैक्षिक एवं अतिरिक्त क्रियाकलापको जिम्मेवारी दिन असहज हुनु ।
९. उच्च अंक ल्याउने विद्यार्थीहरूलाई आकर्षित गर्न नसक्नु ।
१०. वर्तमान परिप्रेक्ष्यअनुसार प्राविधिक र व्यावसायिक विषयहरू सञ्चालन गर्न नसक्नु ।
११. शैक्षिक अडिट नहुनु ।
१२. दिगो र नियमित आर्थिक श्रोत नहुनु ।
१३. कर्मचारीहरूमा व्यावसायिक क्षमताको अभाव हुनु ।

## ८. चुनौतीहरू (Threats)

१. आर्थिक रूपले क्याम्पस आत्मनिर्भर हुन नसक्नु ।
२. क्याम्पसको छुट्टै भवन निर्माण सम्पन्न गर्न यथोचित आर्थिक श्रोत जुटाउन नसक्नु ।
३. क्याम्पसको सम्पूर्ण आर्थिक भार विद्यार्थीहरूमा मात्र निर्भर परेको हुँदा समय सापेक्ष शिक्षक तथा कर्मचारीहरूको तलब भत्तामा सुधार ल्याउन कठिनाई हुनु ।
४. पूर्णकालिन शिक्षक तथा कर्मचारीहरूको आवश्यक मात्रामा व्यवस्था गर्न नसक्नु ।
५. स्थानीय विद्यार्थीहरूलाई आकर्षित गर्न नसक्नु ।

## ८.१ अल्पकालिन समस्या तथा चूनौतीहरू (Short Term Problems and Threats)

१. शिक्षक तथा कर्मचारीको समस्या ।
२. अतिरिक्त क्रियाकलापका लागि सामाग्री व्यवस्थापन गर्न कठिनाई ।
३. प्रभावकारी पुस्तकालयको व्यवस्थापनमा कठिनाई ।
४. सूचना सञ्चार तथा प्रविधि (ICT) का सामाग्रीहरूको अभाव ।
५. विद्यार्थी टिकाउन समस्या भई ड्रपआउटको संख्या बृद्धि हुनु ।
६. शिक्षकहरूलाई तालिमको अभाव ।
७. विषयगत शिक्षा समितिहरूलाई आवश्यक पूर्वाधार व्यवस्थापन गर्न कठिनाई हुनु ।
८. विद्यार्थी शिक्षक बैदेशिक रोजगारमा आर्षित हुनु ।
९. गुणस्तरीय संरचना व्यवस्थापन गर्न कठिनाई हुनु ।

१०. मागअनुसार ई लाइब्रेरीका व्यवस्था गर्न नसक्नु ।
११. राष्ट्रिय शैक्षिक नीति अस्थिर हुनु ।
१२. वैदेशिक शैक्षिक संस्थाहरूप्रति विद्यार्थीहरूको आकर्षण बढी हुनु ।

## ८.२ दिर्घकालिन समस्या तथा चूनौतीहरू (Long Term Problems and Threats)

१. क्याम्पसको जग्गा प्राप्तीको समस्या ।
२. उपयुक्त भवन निर्माणसम्बन्धी समस्या ।
३. खेलमैदानसम्बन्धी समस्या ।
४. प्रयोगात्मक कक्षा कोठासम्बन्धी चुनौती ।
५. गुरू योजना निर्माण र कार्यान्वयनसम्बन्धी चुनौती ।
६. सैद्धान्तिक ज्ञानका तुलनामा व्यवाहारिक विषयवस्तुको अभाव र रोजगारीको चुनौती ।

## ८.३ समस्या र चूनौतीहरूको समाधानका लागि गरिएका कार्यहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

क्याम्पसमा उठेका समस्या एवंम् मुद्दाहरू र चुनौतीहरू समाधान एवम् न्यूनीकरणका लागि गरिएका कार्यहरू निम्नअनुसार रहेका छन् :

१. क्याम्पसको भवन निर्माणको लागि आवश्यक नक्सा तयार गरिएको ।
२. मंगल माध्यमिक विद्यालयसंग जग्गा भोकाधिकार प्राप्त गरिएको ।
३. विश्वविद्यालय अनुदान आयोग र बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयबाट अनुदान प्राप्त भई तीन कोठे भवनको निर्माण भएकोमा प्रदेशबाट बजेट प्राप्त भई थप तीन तला ढलान गरेर पहिलो तलामा फिनिसिङगरि कक्षा सञ्चालन गर्न सफलता प्राप्त गरिएको ।
४. विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट फर्निचरहरू र केही कम्प्युटर, प्रिन्टर तथा प्रोजेक्टरएवं फोटोकपी मेसिनको व्यवस्था गरेको ।
५. सहयोगका लागि स्थानीय, प्रदेश तथा संघीय सरकार समक्ष प्रस्तावहरू पेश गरिएको ।
६. विद्यार्थी भर्ना बढाउन शिक्षक व्यवस्थापन समितिमा छलफल गरी भर्ना अभियान सञ्चालन गरिएको ।
७. विषयगत शिक्षा समितिहरू गठन गरिएको ।

## ९. अवसरहरू (Opportunities)

१. स्थानीय लगायत अन्यले पनि रोजगारीको अवसरहरू पाउन सक्ने ।
२. बैदेशिक अध्ययनका लागि अवसरहरू श्रृजना हुने ।
३. उच्च शिक्षा हासिल गर्न आधार तयार हुने ।
४. दक्ष जनशक्ति तयार हुने ।
५. क्याम्पसले भौतिक संरचना निर्माणको लागि स्थानीय, प्रदेश र संघीय सरकारमा पत्राचार गर्नु ।
६. UGC को निर्देशनअनुसार कार्य थालनी हुनु ।
७. कीर्तिपुर नगरपाकिामा नमुना सामुदायिक क्याम्पसको छवि हुनु ।
८. त्रि. वि. को केन्द्रीय विभागहरू सँग राम्रो सम्बन्ध हुनु ।
९. विद्यार्थी, शिक्षक, र अभिभावकहरूसँग राम्रो सम्वन्ध हुनु ।
१०. शिक्षकहरू अनुसन्धान कार्यमा संलग्न हुनु ।
११. क्याम्पसलाई विकास र विस्तार गर्न प्रतिबद्ध व्यवस्थापन समिति हुनु ।

## १०. रणनीतिक योजना (Plan for Adressing the Issues and Challenges)

यस क्याम्पसलाई सक्षम र सवल बनाउंदै आगामी दिनहरूमा अझ सशक्त र उत्कृष्ट क्याम्पसको रूपमा स्थापित गर्दै लैजान निम्नअनुसार योजनाहरू तयार गरिएको व्यहोरा अनुरोध गरिन्छ :

१. विद्यार्थीहरूलाई कक्षा कोठामा सहज बसाई गर्न तथा प्रशासनिक कार्यमा चुस्तता ल्याउन आवश्यक फर्निचरहरूको व्यवस्था गर्ने ।
२. भवन निर्माण कार्यलाई निरन्तरता दिंदै भवन निर्माण कार्य सम्पन्न गर्ने ।
३. वि. एड. मा सूचना तथा सञ्चार प्रविधि शिक्षा (आई. सि. टि. ICT) का कक्षाहरू सञ्चालनका लागि त्रि. वि. सँग अनुमतिका लागि प्रकृया अगाडि बढाउने ।
४. यस क्याम्पसमा सूचना सञ्चार तथा प्रविधि (ICT) को पूर्वाधार तयारीको लागि आवश्यक सामाग्रीहरूको व्यवस्था गर्ने ।
५. व्यवस्थापन संकाय तर्फ वि. वि. एस. कार्यक्रम वाहेक अन्य विषयहरू थप गर्दै जाने ।
६. आगामी वर्षदेखि अतिरिक्त कक्षाहरू सञ्चालन गरी लक्षित शैक्षिक उपलब्धि हासिल गर्ने ।
७. विद्यार्थीहरूलाई नियमित एवं भर्ना बृद्धि गर्न विद्यार्थी केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. आगामी वर्ष क्याम्पसलाई QAA मा जान आवश्यक पूर्वाधारहरू तयार गर्ने ।
९. आमन्त्रित प्राध्यापकहरूद्वारा विविध विषयमा कक्षा लिने व्यवस्था मिलाउने ।
१०. अनुसन्धान जर्नल प्रकाशित गर्न आवश्यक जर्नल प्रकाशन समिति गठन गर्ने ।
११. मंगल फाउण्डेशनको स्थापना गर्ने ।
१२. विषय शिक्षण समितिहरू गठन गर्ने ।
११. प्राध्यापक, कर्मचारी एवं विद्यार्थीहरूको दक्षता अभिबृत्ति कार्यक्रमहरू सञ्चालन गर्ने ।
    i) लघु अनुसन्धान तथा अनुसन्धानका कार्यहरू गर्ने गराउने ।
    ii) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।
    iii) गोष्ठी तथा कार्यशाला गोष्ठीहरू आयोजना गर्ने ।
    iv) स्वदेश तथा विदेशमा विद्यार्थी, प्रध्यापक आदान प्रदान कार्यक्रम गर्ने ।
    v) कमजोर विद्यार्थीहरूलाई अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने ।

## ११. बार्षिक कार्य योजना तथा वार्षिक बजेट (Annual Work Plan and Budget of Current Fiscal Year)

यस क्याम्पसको Strategic Plan अनुसार वार्षिक कार्य योजना तथा वार्षिक बजेट निम्न अनुसार रहेको छ ।

### ११.१ आ. व. २०७८/०७९ को वार्षिक कार्य योजना

| क्र.सं. | महिना | कार्यक्रम | कै. |
|---|---|---|---|
| १. | श्रावण | दोश्रो वर्षको कक्षा सुरू | |
| २. | भाद्र | तीज विशेष कार्यक्रम, पुस्तक खरिद कार्यक्रम र स्वागत तथा विदाई कार्यक्रम | |
| ३. | आश्विन | भर्ना अभियान कार्यक्रम / दशैं तिहार तथा नेपाल संबतको कार्यक्रम, दशैं तिहार विदा, डेंगीबारे जनचेतना कार्यक्रम | |
| ४. | कार्तिक | बिदा पछि पू: क्याम्पस चालू, नतिजा प्रकाशन, भर्ना अभियान कार्यक्रम/ प्रथम वर्षको कक्षा सुभारम्भ | |
| ५. | मंसिर | भर्ना अभियान कार्यक्रम / लेखा परीक्षण गर्ने / निवन्ध प्रतियोगिता, नयाँ विद्यातर्जीहरूलाई अभिमुखिकरण, पूरानो प्रथम वर्षको प्रिबोर्ड | |
| ६. | पौष | भर्ना अभियान कार्यक्रम, प्रथम त्रैमासिक परीक्षा, प्रथम वर्षको रजिप्ट्रेशन भर्ने, / अनुसन्धान सेल पूनर्गठन/ साधारण सभाको तयारी गर्ने, नतिजा प्रकाशन, MRJ प्रकाशन, | |
| ७. | माघ | बार्षिक खेलकूद कार्यक्रम / अनुसन्धान सम्बन्धी तालिम | |
| ८. | फागुन | बार्षिक कार्यक्रम तथा दिक्षान्त एवं पुरस्कार वितरण कार्यक्रम / स्मारिका प्रकाशन, वार्षिक साधारण सभा | |
| ९. | चैत्र | चौथो बर्षको वार्षिक परीक्षा, रक्तदान कार्यक्रम | |
| १०. | बैशाख | शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम / अभ्यास शिक्षण / अनुसन्धान जर्नल प्रकाशन | |
| ११. | जेठ | दोश्रो त्रैमासिक परीक्षा प्रथम वर्ष / प्रिबोर्ड परीक्षा दोश्रो वर्ष / चौथो वर्षको कक्षा सुरू / प्रिबोर्डको नतिजा प्रकाशन र रिसर्च वर्कशप गर्ने र एमआरजेको लागि पेपर आह्वान गर्ने | |
| १२. | असार | कविता प्रतियोगिता / तेश्रो वर्षको कक्षा सुरू / प्रिबोर्ड परीक्षा प्रथम वर्ष / वक्तृत्व प्रतियोगिता / गुरू पूजा र कविता प्रतियोगिता | |

### ११.१ आ. व. २०७९/०८० को वार्षिक कार्य योजना

| क्र.सं. | मिति | कार्यक्रम |
|---|---|---|
| १. | २०७९ बैशाख १ | नयाँ वर्ष |
| २. | २०७९ बैशाख | नयाँ प्रथम वर्षको रजिष्ट्रेशन फारम भर्ने सूचना प्रकाशन |
| ३. | २०७९ बैशाख | नयाँ दोश्रो वर्षको कक्षा शुरु पुरानो दोश्रो वर्षको वार्षिक परीक्षा फाराम भर्ने |
| ४. | २०७९ जेठ | प्रथम वर्षको प्रथम त्रैमासिक र पुरानो दोश्रो वर्षको प्रिबोर्ड परीक्षा |
| ५. | २०७९ जेठ | चौथो वर्षको कक्षा सुरु तथा शिक्षकहरूका लागि रिसर्च सम्बन्धी तालिम |
| ६. | २०७९ असार | रिसर्च तालिमको रिपोर्ट UGC मा बुझाउने र अन्तर कक्षा कविता प्रतियोगिता गर्ने |
| ७. | २०७९ श्रावण | प्रथम वर्षलाई स्वागत तथा चौथो वर्षलाई विदाई |
| ८. | २०७९ भाद्र | प्रथम वर्षको दोश्रो त्रैमासिक, नयाँ दोश्रो वर्षको प्रथम त्रैमासिक र चौथो वर्षको प्रथम त्रैमासिक परीक्षा |
| ९. | २०७९ भाद्र | तेश्रो वर्षको कक्षा सुरु |
| १० | २०७९ असोज | पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिङ र वक्तृत्व कला प्रतियोगिता |
| ११. | २०७९ असोज | दशैं तिहार नहूदँ नेपाल संवत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान |
| १२. | २०७९ असोज १० देखि कार्तिक १३ सम्म | दशै तिहार विदा, रिसर्च जर्नल प्रकाशनको लागि तयारी |
| १३. | २०७९ कार्तिक १४गते | विदा पछि पुनः कक्षा सुरु |
| १४. | २०७९ मंसिर | दोश्रो हप्ता प्रथम वर्षको प्रिबोर्ड परीक्षा, प्रथम वर्षको बोर्ड परीक्षाको फाराम भर्ने, UGC मा नियमित अनुदान र योजना पेश गर्ने |
| १५. | २०७९ पौष | पहिलो हप्ता दोश्रो र चौथो वर्षको दोश्रो त्रैमासिक र तेश्रो वर्षको प्रथम त्रैमासिक परीक्षा |
| १६. | २०७९ पौष | दोश्रो हप्ता खेलकुद सप्ताह र २१ देखि माघ १ गते सम्म जाडो विदा |
| १७. | २०७९ मघ २ गते | जाडो विदा पछि पुनः कक्षा सञ्चालन, चौथो वर्षको बोर्ड परीक्षा फाराम भर्ने |
| १८. | २०७९ माघ दाश्रो हप्ता | २०७९/०८० को लागि प्रथम वर्षमा नयाँ भर्ना अभियान, BBS/B.Ed. चौथो वर्षको रिसर्च अभिमूखीकरण |
| १९. | २०७९ फागुन | क्याम्पसको वार्षिक दिवस दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षा |
| २०. | २०७९ चैत्र | दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षाको नतिजा प्रकाशन र कक्षा बन्द |

## १२. Projected Annual Work Plan and Budget of the Three Fiscal Year Following the Current Fiscal Year

### १२.१ आ. व. २०७७/०७८ को अनुमानित बजेट

| क.सं. | अनुमानित आय विवरण | रकम रू. |
|---|---|---|
| १. | बार्षिक तथा मासिक शुल्क | २१,००,०००।०० |
| २. | वि.वि.अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान | ६,५०,०००।०० |
| ३. | आन्तरिक परीक्षा शुल्क | ३८,६००।०० |
| ४. | त्रि.वि. रजिष्ट्रेशन शुल्क | ५४,०००।०० |
| | त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क | २,७८,८००।०० |
| | व्याज प्राप्त | १,५०,०००।०० |
| | विविध | ३०,०००।०० |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | कुल जम्मा | ३०,२२,६००।०० |

| क.सं. | अनुमानीत व्यय विवरण | रकम रू. |
|---|---|---|
| १. | तलब भत्ता | २०,००,०००।०० |
| २. | मसलन्द तथा सानो नगदी कोष | १५,०००।०० |
| ३. | मर्मत संभार | १,००,०००।०० |
| ४. | इन्टरनेट र वेभसाइट रसफ्टवेयर | ४०,०००।०० |
| ५. | आन्तरिक परीक्षा | १,००,०००।०० |
| ६. | खेलकूद तथा दिवस समारोह | १,५०,०००।०० |
| ७. | छात्रबृत्ती | १,००,०००।०० |
| ८. | भर्ना प्रचारप्रसार | ३७,६००।०० |
| ९. | अनुसन्धान जर्नल प्रकाशन | १,००,०००।०० |
| १०. | शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम | ५०,०००।०० |
| ११. | पुस्तक खरिद | ३०,०००।०० |
| १२. | त्रि.वि. रजिष्ट्रेशन शुल्क | ५०,०००।०० |
| १३. | त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क | २,९०,०००।०० |
| १४. | फर्निचर | ५०,०००।०० |
| १५. | उपकरण | ५०,०००।०० |
| १६. | बचत | ४२,४००।०० |
| | कुल जम्मा | ३०,२२,६००।०० |

**१२.२ आ. व. २०७८/०७९ को अनुमानीत बजेट**

| क्र.सं. | अनुमानित आय विवरण | रकम रू. |
|---|---|---|
| १. | वार्षिक तथा मासिक शुल्क | ५४,००,०००।०० |
| २. | वि.वि.अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान | ८,००,०००।०० |
| ३. | आन्तरिक परीक्षा शुल्क | ४८,६००।०० |
| ४. | त्रि.वि. रजिष्ट्रेशन शुल्क | ६४,०००।०० |
| | त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क | ३,८८,८००।०० |
| | व्याज प्राप्त | २,००,०००।०० |
| | विविध | ४०,०००।०० |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | कुल जम्मा | ६९,४१,४००।०० |

| क्र.सं. | अनुमानित व्यय विवरण | रकम रू. |
|---|---|---|
| १. | तलब भत्ता | ४६,००,०००।०० |
| २. | मसलन्द तथा सानो नगदी कोष | १५,०००।०० |
| ३. | मर्मत संभार | २,५०,०००।०० |
| ४. | इन्टरनेट र वेभसाइट र सफ्टवेयर | १,४०,०००।०० |
| ५. | आन्तरिक परीक्षा | १,८०,०००।०० |
| ६. | खेलकूद तथा दिवस समारोह | २,००,०००।०० |
| ७. | छात्रबृत्ती | २,००,०००।०० |
| ८. | भर्ना प्रचारप्रसार | ७४,०००।०० |
| ९. | अनुसन्धान जर्नल प्रकाशन | २,००,०००।०० |
| १०. | शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम | २,००,०००।०० |
| ११. | पुस्तक खरिद | १,५०,०००।०० |
| १२. | त्रि.वि. रजिष्ट्रेशन शुल्क | ६०,०००।०० |
| १३. | त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क | ३,८०,०००।०० |
| १४. | फर्निचर | १,००,०००।०० |
| १५. | उपकरण | १,५०,०००।०० |
| १६. | बचत | ४२,४००।०० |
| | कुल जम्मा | ६९,४१,४००।०० |

### १२.३ आ. व. २०७८/०७९ को अनुमानीत वजेट

| S.N | Heading | Amount | Amount(Rs) |
|---|---|---|---|
| | Revenue Expenditure (A) | | |
| 1 | Teacher/staffs Expenses | | 5,849,525.00 |
| 2 | Office operating expenses: | | |
| | Advertisement | 74,000.00 | |
| | water and Electricity Charge | 20,000.00 | |
| | Tea expenditure for Teacher | 100,000.00 | |
| | Welcoming Guest | 40,000.00 | |
| | Loan pay to Mangal Sec. School | 50,000.00 | |
| | Stationary | 50,000.00 | |
| | Veda Guru campus Mobile Apps | 50,000.00 | 384,000.00 |
| 3 | Exam & Registration | | |
| | Terminal Exam Expenditure | 200,000.00 | |
| | T.U. Registration Charge | 60,000.00 | |
| | TU Board Exam Fee | 387,800.00 | 647,800.00 |
| 4 | Extra Activities Expenses | | |
| | Sports / Extra Curricular Activities | | 200,000.00 |
| 5 | Maintenance | | 200,000.00 |
| 6 | Programme expenses | | |
| | Annual function | 150,000.00 | |
| | Develop Training for School teacher | 500,000.00 | 650,000.00 |
| 7 | Research/ Journal Publish Expenses | | 430,000.00 |
| 8 | Library Expenses | | 200,000.00 |
| 9 | Scholarship Expenses | | 150,000.00 |
| | Total Revenue/ Operating Expenditure (A) | | 8,711,325.00 |
| | Income | | |
| 1 | Fee Income | | |
| | Admission/ tuition fee | 7,200,000.00 | |
| | Internal Exam fee | 600,000.00 | |
| | T.U. Board Exam fee | 475,000.00 | |
| | Registration fee | 64,000.00 | 8,339,000.00 |
| 2 | Other Income | | |
| | Character Certificate fee | 30,000.00 | |
| | library & ID Card | 5,060.00 | |
| | interest from Banks | 200,000.00 | 235,060.00 |
| 3 | Grant / Donation | | |
| | UGC Regular Grant | 1,205,000.00 | 1,205,000.00 |
| | Total Income | | 9,779,060.00 |
| | Loss from Budgeted Period (B-A) | | 1,067,735.00 |